नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष १९ गते २०११ साल

भाग ४

खाद्य मन्त्रालयको विज्ञप्ति

२।३१।०११ १५-९-०११

सरकारी नियन्त्रणमा मो. रु. १। को ३॥ माना चामल बिक्री बितरण गराई रहेको र यस मन्त्रालयको विज्ञप्तिद्वारा सो बिक्री गरेको चामल खरीद गरी बजारमा बिक्री गर्न मनाई गरिएको समेत सबैमा विदितै होला।

यसै बिचमा कसै कसैले मदेश तराइबाट काठमाडौं उपत्यकाभित्र उसिना चामल ल्याएको पनि बुझिएकोले सो ल्याएको उसिना चामल बजारमा सरकार-बाट हाल बिक्री गराई रहेको मन्दा घटी दरमा बिक्री भएमा सो सरकारबाट बिक्री गराएको चामल किनी लगी अनुचित फाइदा उठाउने सम्भावना भएकोले

१९१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारबाट बिक्री भएको दरभन्दा घटी दरमा उसिना चामल बजारमा बिक्री गर्न नदिने गरी मनाही गरिएकोछ र सो बिरुद्ध बिक्री गरेको देखिएमा पुलीसले पक्राउ गर्नेछ र इलाका मैजिष्ट्रेट अफिसमा पुलीसले दाखिल गर्नेछ। इलाका मैजि-ष्ट्रेटले पनि आफूलाई भएको अखत्यारी सवाल कालो बजार कानूनबमोजिम सजाय गर्नेछ।

आज्ञाले—
देवीप्रसाद गिरी,
का. मु. सेक्रेटरी—खाद्य मन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।